# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७९/०८० (प्रशासन शाखा)

चलानी नं.: ३२०

मिति :- २०७९-०५-०७गते

**विषय :- दलित समुदायको थर सूचीकरण सम्बन्धमा ।**

श्री सातवटै वडा कार्यालयहरु,
कचनकवल गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको च. नं. ५२ मिति २०७९/०४/३० गतेको पत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ( सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा) को च. नं. २७ मिति २०७९/०५/०६ गतेको प्राप्त पत्रानुसार स्थानीय तहमा रहेका छुट दलित समुदायको थर सुचिकरणको लागि विवरण तयार गरि राष्ट्रिय दलित आयोगमा पठाउनु पर्ने भएको हुँदा ताहाँ वडा कार्यालय अन्तर्गत रहेका दलित समुदायको विवरण तयार गरि मिति २०७९/०५/१० गते भित्र अनिवार्य रुपमा यस कार्यालयमा पठाउनुहुनको लागि उक्त पत्रहरुको छायाँकपि पाना थान दुई (२) समेत यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

**कुमार बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री सूचना तथा प्रविधि शाखा, कचनकवल गाउँपालिका (E-mail मार्फत सबै वडा कार्यालयहरुलाई जानकारी गराइदिनुहुन ।)

www.kachankawalmun.gov.np Phone No. 9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com
*"दिगो सुशासन, पारदर्शी प्रशासन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान"*

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या: ०७९/८०

च.नं. 26

मिति: २०७९।०५।०६

श्री स्थानीय तह सबै ।

विषय: दलित समुदायको थर सूचीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको प.सं.०७९/८० च.नं. ५२ मिति २०७९।०४।३० गतेको पत्र यसै साथ संलग्न छ। विषयवस्तुहरूको व्यहोरा पत्रबाट नै अवगत गर्नुभई सो सम्बन्धमा आवश्यक कार्य गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

०७९/०५/०६

( सुभद्रा सुवेदी )
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

कचनकवल ...
दर्ता नं. ...
मिति ...

ले.प.सं.५ २५
२१६

दर्ता
२०५
५।६

श्री. प्र. ४।१५०

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

प.सं.: २०७९/८०
च.नं.: ५२

मितिः- २०७९।०४।३०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाण्डौ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६२७
दर्ता मितिः- ५।१५

विषयः- परिपत्र गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आयोगको मिति २०७९।०४।२६ गतेको बैठकले देहाय बमोजिमको निर्णय गरेकोले सो सम्बन्धमा सबै स्थानीय तहहरुलाई आवश्यक कार्यार्थको लागी परिपत्र गरिदिनुहुन तहाँ मन्त्रालय पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

आयोगको निर्णयः- " दलित समुदायको जात/थर सूचिकरण गर्न छुटेका जात/थरहरु सूचिकृत गरी दिन विभिन्न व्यक्तिहरु तथा समूहबाट निवेदन यस आयोगलाई प्राप्त भैरहेको र राष्ट्रिय दलित आयोग ऐन, २०७४ को परिच्छेद-२ को दफा ३(छ) बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी जात/थर सूचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने कार्य आयोगको प्रमुख कार्य मध्य एक रहेकोले आयोगले उक्त जात/थर सूचिकरण कार्यलाई अद्यावधिक गरी छुटेका दलित थरहरुलाई विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न तत्काल नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने भएको हुँदा सबै स्थानीय तहहरुले त्यहाँ रहेका सरोकारवालाहरुको उपस्थितिमा छलफल गराई कार्यपालिकाको बैठकबाट निर्णय गरी सम्बन्धित स्थानीय तहहरुमा रहेका दलित समुदाय भित्र पर्ने यस आयोगको वेबसाइट (www.ndc.gov.np)मा दलित जातीय अनुसूची विवरणमा उल्लेख भएका बाहेक छुटेका जात/थरहरुको विवरण यहि २०७९ भदौ १५ गते भित्र आयोगको इ-मेल info@ndc.gov.np मा पठाईदिनको लागी पत्राचार गर्ने निर्णय गरियो ।"

२०७९।०४।३०
(रमेश विश्वकर्मा सुनार)
(शाखा अधिकृत)

कुपण्डोल, ललितपुर, फोन नं.: ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur, E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np